# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु तत्कालीन श्री मनोहर उच्च माध्यमिक बिद्यालय हाल श्री मनोहर माध्यमिक बिद्यालयका प्रधानाध्यापक बासुदेव अधिकारी समेत २ जना मु.नं (०८२-CR-००६७) फैसला मिति २०८२/१२/०२ | गलत लिखत तयार गरेको र सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको समेत। | **आयोगको माग दावी**<br>• बिद्यालयका तत्कालीन प्रधानाध्यापक प्राचार्य बासुदेब अधिकारी र शिक्षिका कल्पना पनेरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाण्डौ समक्ष आरोप पत्र दायर भएको देखिन्छ। | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदालतमा समेत विद्यालय व्यवस्थापन समितिको निर्णयमा बेहोरा थप गरेको तथा सच्याएको तथ्यमा इन्कार रही बयान गरेको देखिएको।<br>• प्रस्तुत मुद्दामा कल्पना पनेरुलाई अनुदान कोटामा नियुक्ति गर्ने गराउने उद्देश्यले वदनियतपूर्वक विद्यालय व्यवस्थापन समितिको मिति २०७१।५।२३ को निर्णयमा बेहोरा थपेको तथा सच्याएको भन्ने नदेखिएको | • प्रस्तुत मुद्दामा प्रतिवादी बासुदेव अधिकारी श्री मनोहर माध्यमिक विद्यालयमा प्रधानाध्यपक पदमा रहेका साथै अर्का प्रतिवादी कल्पना पनेरु सोही विद्यालयमा शिक्षिकाको पदमा कार्यरत रहेको भन्ने देखिन्छ। निज प्रतिवादी कल्पना पनेरुले मिति २०६०/०८/११ गतेदेखि प्राथमिक विद्यालय शिक्षक अस्थायी पदमा नियुक्ती लिई जिल्ला शिक्षा कार्यालय, काठमाडौंको मिति २०६९/०८/०१ को पत्रबमोजिम श्री रत्नराज्य माध्यमिक विद्यालय रामकोटवाट श्री मनोहर माध्यमिक विद्यालय, गोंगबुमा निजको काज सरुवा भएको साथै अस्थायी शिक्षकलाई यसरी काज सरुवा गर्ने कार्य आफैमा नियमित अभ्यास नभई काज सरुवा हुने शिक्षक कल्पना पनेरु र काज सरुवाका लागि सहमति दिन भूमिका निर्वाह गर्ने तत्कालीन सहायक प्राचार्य बासुदेव अधिकारीको सम्लग्नता रहेको उल्लिखित तथ्यबाट प्रष्टै देखिन्छ । जिल्ला शिक्षा समिति, काठमाडौंको मिति २०७२/०४/२७ को निर्णयानुसार उच्च माध्यामिक तहको अनुदान कोटा २(दुई) कायम गरी मनोहर माध्यामिक बिद्यालयलाई प्रदान गरिएकोमा सो पदमा नियुक्तिको लागि सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) बमोजिम २१ बर्ष देखि ४० बर्ष सम्म उमेर हुनुपर्ने भन्ने कानूनी व्यवस्था स्पष्टै रहेकोमा निज प्रतिवादी कल्पना पनेरुको जन्ममिति बि.स.२०३२/०८/०७ गते भएको निजको नामको ग्रामिण आदर्श बहुमुखी क्याम्पस, काठमाडौंबाट प्राप्त Character Certificate र मिसिल संलग्न निजको नागरिकता प्रमाणपत्रको प्रतिलिपिबाट देखिएवाट निजको उमेर उक्त विज्ञापन प्रकाशित मिति २०७२।१०।१४ गते सम्ममा ४० (चालिस) बर्ष २(दुई) महिना (७) सात दिन भएको तथ्य देखिएवाट निज प्रतिवादी कल्पना पनेरुले प्रकाशित विज्ञापन वमोजिमको प्रस्तुत उच्च माध्यामिक तहको शिक्षक पदको लागि नियुक्ती भई कार्य गर्न अयोग्य रहेको थाहा जानकारी हुँदा हुँदै उक्त नियुक्ति दिने लिने कार्य गरेको भन्ने तथ्य पुष्टि भएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा हुने गरी विशेष अदालत काठमाण्डौवाट भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>• प्रतिवादी कल्पना पनेरुलाई उच्च माध्यामिक तहको अनुदान कोटामा नियुक्ती गर्नको लागी नै प्रतिवादीहरु बासुदेव अधिकारीसमेतको आपसी मिलेमतो तथा योजनामा श्री मनोहर माध्यमिक विद्यालयको बिद्यालय ब्यबस्थापन समितिको मिति २०७१/०५/२३ को बिद्यालय ब्यबस्थापन समितिको बैठकको निर्णयमा तत्कालीन विद्यालयका प्राचार्य प्रतिवादी बासुदेव अधिकारी आफैले बदनियत राखि बैठकमा उपस्थित अन्य पदाधिकारीहरुको सहमति र जानकारी बिना "कल्पना पनेरुलाई मिति २०७१/०४/२८ गते देखि +२ को अनुदान दरबन्दीमा नियुक्ति दिने निर्णय गरीयो" भन्ने बेहोरा उक्त निर्णयको अन्तिममा थप गरे गराएको र उक्त निर्णयमा पछिबाट सुटुक्क थप गर्दा टिपेक्स लगाएर निर्णयमा सच्याई, केरमेट गरी, थपघट केरमेट हेरफेर गरेको सक्कल निर्णय पुस्तिकाबाट देखिन आएवाट कसूर पुष्टि भएको देखिन्छ। साथै, प्रतिवादीहरुले बदनियत राखी सरकारी अभिलेखमा रहने कागजात केरमेट थप गरी गराई तयार भएको सोही निर्णयलाई आधार लिई प्रतिवादी कल्पना पनेरुलाई पूर्णकालीन शिक्षक पदमा नियुक्ती गरेको तथ्य निज |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादी कल्पना पनेरुलाई दिइएका नियुक्ति पत्रहरुको समग्र लेटरहेड, बिद्यालयको ठेगाना, लेटरप्याडको प्रकृति लगायतका विवरणमा फरक फरक रहेको पाइएको, प्रस्तुत नियुक्ती गरेका पत्रहरुको सम्बन्धमा चलानी गर्दा समेत सक्कल चलानि कितावमा केरमेट गरेको, सच्याएको देखिन आएवाट थप पुष्टि भएको देखिन्छ। यसरी, सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) बमोजिमको प्रतिवादी कल्पना पनेरुको उमेर ४० वर्षको हद कटिसकेको हुँदा निजलाई उक्त शिक्षिका पदमा नियुक्ति दिन नमिल्ने भएको हुदा निज प्रतिवादीहरु बासुदेव अधिकारी र कल्पना पनेरुसमेतले आपसी मिलेमतो तथा योजनामा निज प्रतिवादी कल्पना पनेरुलाई नै उक्त उच्च माध्यमिक शिक्षक पदमा नियुक्ति दिनको लागी सोही सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित) मा व्यवस्था भएको वहाल रहेको शिक्षिकाको हकमा उमेर हद नलाग्ने भन्ने व्यवस्था बमोजिम माथि विवेचना गरिए वमोजिमको मिति २०७१।०४।२८ र मिति २०७१।०५।२३ लगायतको गलत लिखत तयार तथा सरकारी अभिलेखमा रहने लिखत केरमेट तथा सच्चाई सोही विवरण सहितको योग्यताको कागजातहरु पेश गरी गराई निज प्रतिवादी कल्पना पनेरुले उक्त उच्च माध्यमिक तह शिक्षक पदमा नियुक्ती प्रात गरी हाल सम्म कार्यरत रहेको तथ्य पुष्टि भएको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावी वाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ।<br>• प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेको मूल निर्णय पुस्तिकामा मिति २०७१।०५।२३ को बैठक सम्पन्न भइसकेको अवस्थामा अन्तिम भागमा "कल्पना पनेरुलाई मिति २०७१।०४।२८ गतेदेखि +२ को अनुदान दरबन्दीमा नियुक्ति दिने निर्णय गरियो" भन्ने व्यहोरा पछि थपिएको, टिपेक्स लगाई केरमेट तथा हेरफेर गरिएको तथ्यमा विवाद देखिंदैन। स्वयं प्रतिवादी वासुदेव अधिकारीले उक्त थपघट भएको तथ्य स्वीकार गर्दै बैठक समाप्त भएपछि छुटेको एजेण्डा भन्दै टिपेक्स लगाई निर्णय थप गरेको स्वीकार गरी वयान गरेको देखिन्छ। नेपाल सरकारका साक्षी नर्मदेश्वरी सत्याल, विनोदकुमार अधिकारी, मधुसुदन पाण्डे, सरस्वती गौतम ज्ञवाली, बच्चु अधिकारी, उत्तम अधिकारी तथा दीपक बानियाँलगायतले उक्त नियुक्ति बैठकमा छलफल वा एजेण्डाका रूपमा नरहेको, निर्णय पुस्तिकाको अन्तिम भागमा पछि थपिएको तथा आफूहरूको सहमति/जानकारी नरहेको भनी स्पष्ट रूपमा बयान गरेको देखिन्छ। प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षणबाट निर्णय पुस्तिका तथा चलानी किताबमा रहेको प्रश्नगत लेखाइ नमुना लेखाइसँग प्रतिवादी वासुदेव अधिकारीकै लेखाइ भएको निष्कर्ष आएको अवस्था देखिन्छ। यसरी मिसिल संलग्न प्रमाणहरू एकअर्कासँग मेल खाइरहेको अवस्थामा केवल "पछि नियुक्ति पाएकी कल्पना पनेरु पहिलेबाटै अध्यापनरत थिइन्" भन्ने कारणबाट गैरकानूनी रूपमा अभिलेख सच्याइएको कार्यको आपराधिक प्रकृति नै नकार्नु दफा ९ र ११ को उद्देश्य तथा प्रमाणको समग्र मूल्याङ्कनको सिद्धान्तविपरीत भएकोले विशेष अदालतवाट प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | •विशेष अदालतले कल्पना पनेरुले मिति २०७१।०४।२८ देखि आंशिक र मिति २०७१।०५।२४ देखि पूर्णकालिन रूपमा कक्षा ११-१२ पढाउँदै आएकी तथा मिति २०७२।११।०६ मा अनुदान/राहत कोटामा नियुक्ति भएको तथ्य स्वीकार गरेको देखिन्छ। तत्कालीन विद्यालय प्रशासनको अभिलेखअनुसार मिति २०७१।०५।२४ को नियुक्तिपत्रका लागि विज्ञापन प्रक्रिया नदेखिएको, पुरानो प्राथमिक शिक्षकको पदबाट निरन्तर पारिश्रमिक बुझेको भन्ने देखिएको, र पछि मिति २०७२।११।०६ मा मात्र विज्ञापन तथा छनौट प्रक्रियामार्फत अनुदान कोटाको नियुक्ति भएको देखिन्छ। त्यसैबीच मिति २०७२।१०।१४ मा विज्ञापन प्रकाशित हुँदा कल्पना पनेरुको उमेर ४० वर्ष २ महिना ७ दिन पुगेको थियो भन्ने तथ्य पनि विवादरहित रूपमा स्थापित भएको देखिन्छ। अतः पूर्वदेखि अध्यापनरत हुनु र कानूनी रूपमा अनुदान दरबन्दीमा नियुक्त भइसकेको प्रमाण सिर्जना गर्नु एउटै कुरा होइन। विशेष अदालतले यही causal connection लाई अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावी विपरित सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।<br>•प्रस्तुत मुद्दामा प्रतिवादी कल्पना पनेरु स्वयं उक्त नियुक्तिको प्रत्यक्ष लाभार्थी हुन् र मिति २०७२।१०।१४ को विज्ञापनमा आफ्नो उमेर ४० वर्ष पार गरिसकेको तथ्य हुँदाहुँदै सो प्रक्रियामा सहभागी भई नियुक्ति प्राप्त गरेको देखिन्छ। विशेष अदालतले नै निजको जन्ममिति २०३२।०८।०७ र विज्ञापनका बखत ४० वर्षभन्दा बढी उमेर भएको तथ्य स्वीकार गरेको छ। त्यसपछि निजको अघिल्लो सेवा र कक्षा ११-१२ मा अध्यापनको तथ्यलाई प्रमाणित गर्न प्रयोग गरिएका कागजातहरू तथा निर्णय पुस्तिकाको परिवर्तनलाई अलग-अलग हेरेर आपराधिक मिलेमतो रहेको देखिदैन भन्ने आधार विशेष अदालतले ग्रहण गरेको देखिन्छ ।जबकि फौजदारी विधिशास्त्रमा षडयन्त्र वा मिलेमतो प्रायः प्रत्यक्ष प्रमाणबाट नभई परिस्थितिजन्य प्रमाणहरूको पूर्ण श्रृंखलाबाट स्थापित हुन सक्छ। प्रतिवादी वासुदेव अधिकारीले आफू प्रधानाध्यापक तथा निर्णय कार्यान्वयन गर्ने प्रमुख प्रशासनिक अधिकारीका रूपमा रहेको, नियुक्ति प्रक्रिया तथा कागजातको व्यवस्थापन आफूले गरेको, र निर्णय पुस्तिकामा पछि व्यहोरा थपेको कुरा स्वयं स्वीकार गरेको अवस्था छ। उता विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले सो निर्णय उक्त बैठकमा नभएको र आफूहरूको सहमति नरहेको भन्ने बयान गरीरहेको अवस्थामा सोतर्फ अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण भई बदरभागी रहेको छ ।<br>•विशेष अदालतले एकातर्फ मिति २०७१।०५।२३ को निर्णय पुस्तिकामा पछि व्यहोरा थपिएको, प्रतिवादी वासुदेव अधिकारी उक्त बैठकमा उपस्थित भई निर्णय तयार गर्ने कार्यमा संलग्न रहेको र थपिएको व्यहोरा स्वीकार गरेको तथ्य उल्लेख गरेको छ भने अर्कोतर्फ सोही प्रमाणलाई "अनुदान कोटाको नियुक्तिका लागि औचित्यहीन" रहको भनी उल्लेख गरेको देखिन्छ ।यसबाट फैसलाको reasoning आफैंमा अन्तर्विरोधयुक्त रहेको र खासगरी निर्णय पुस्तिकामा अनधिकृत थपघट हुनु, सोको हस्तलिपि वासुदेव अधिकारीसँग सम्बन्धित देखिनु, सम्बन्धित व्यवस्थापन समिति सदस्यहरूको बयानले बैठकमा त्यस्तो निर्णय नभएको पुष्टि गर्नु, र कल्पना पनेरुले पछिल्लो अनुदान कोटाको नियुक्तिमा त्यही पूर्वसेवा सम्बन्धी स्थितिबाट प्रत्यक्ष लाभ पाउनु जस्ता तथ्यलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पृथक् प्रमाण मानी  प्रतिवादीहरुलाई आरवपदावीवाट नै सफाई दिने गरी भएको उक्त फैसला प्रमाण मूल्याङ्कनको समग्र सिद्धान्तविपरीत भई त्रुर्टिपूर्ण रहेकोले वदरभागी छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूको actus reus, knowledge, common design र wrongful benefit बीच पर्याप्त सम्बन्ध स्थापित भईरहेको अवस्थामा सव तर्प अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सपाई दिने गरी भएको पैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेकोले वदर गरीपाउँ ।<br>• अतः मिशिल संलग्न उपरोक्त उल्लिखित टोखा नगरपालिका, मैजुहिटी, काठमाडौंको पत्रहरु, श्री मनोहर माध्यमिक विद्यालय, टोखा १० काठमाडौंको पत्रहरु, शिक्षा तथा मानवश्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको पत्रहरु तथा राय प्रतिकृया सहित प्राप्त प्रतिबेदन र कागजातहरु, नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय बिधिबिज्ञान प्रयोगशालाको पत्रसाथ प्राप्त परिक्षण प्रतिवेदन, शंकित/प्रतिवादीहरु बासुदेव अधिकारी, कल्पना पनेरु सिंखडा भन्ने कल्पना पनेरु समेतले अधिकार प्राप्त अधिकारी समक्ष गरेका बयान कागजहरु, सम्बन्धित कार्यालयहरुबाट पेश भएका कागज प्रमाणहरुबाट प्रतिवादीहरु वावुदेव अधिकारी र कल्पना पनेरु सिंखडा भन्ने कल्पना पनेरुले आरोप दावी बमोजिमको कसूर गरेको तथ्य स्थापित भई रहेको देखिदा देकिदै सो प्रमाणको सुक्ष्म विवेचना नगरि निज प्रतिवादीद्धयलाई आरोपदावीवाट नै सफाई हुने ठहर गरि विशेष अदालतवाट भएको त्रुटिपुर्ण फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोपपत्र मागदाबी बमोजिम सजाय गरीपाउँ । |